## मिति २०८३/२/५ गते बसेको १८१ औं कार्यपालिका बैठकको प्रस्ताव/निर्णयहरु

१. अघिल्लो बैठकको समीक्षा सम्बन्धमा ।

२. सेवा प्रवाहको समिक्षा सम्बन्धमा ।

३. नगर प्रवक्ता ज्यूबाट नगरपालिकाको मासिक गतिविधि सार्वजनिकिरण सम्बन्धमा ।

४. सहयोगापेक्षी सडक आश्रित मानवमुक्त रत्नगर नगरपालिका घोषणा सम्बन्धमा ।

५. आ. व. २०८३/०८४ को नीति कार्यक्रम योजना तथा बजेट सम्बन्धमा ।

६. विधायन समितिबाट पेश भएका कानुनहरुको छलफल पारित सम्बन्धमा ।

७. नगरस्तरीय अनुगमन समितिको प्रतिवेदन अनुमोदन सम्बन्धमा ।

८. हाल सम्म भएको खर्च (चालु र पुँजिगत) र आय (राजश्व) को समीक्षा सम्बन्धमा ।

९. ठेक्काहरुको म्याद थप सम्बन्धमा ।

१०. अपुरा योजना कार्यक्रमहरुको काम सम्पन्न गर्न बजेट व्यवस्थापन र केही आयोजनाहरुको नाम संशोधन सम्बन्धमा ।

११. नगरस्तरीय विपद् व्यवस्थापन समितिको निर्णय अनुमोदन सम्बन्धमा ।

१२. नगरस्तरीय आर्थिक विकास समितिको निर्णय अनुमोदन सम्बन्धमा ।

१३. केही विपन्न विरामी उपचार र संघ/संस्था आर्थिक सहायतां सम्बन्धमा ।

१४. अन्य/विविध

क. कवाडी ठेक्काको दररेट सम्बन्धमा ।
ख. केही योजनाहरुको नाम शंसोधन गर्ने सम्बन्धमा ।
ग. जडीबुटी कवाडी तथा जीवजन्तु कर संकलनको आय ठेक्का सम्बन्धमा ।
घ. इलोक्ट्रोनिक, फर्निसिङ्ग सम्बन्धी सामान उपलब्ध गराउने सम्बन्धमा ।
ङ. विद्युतपोल सम्बन्धमा ।
च. आर्थिक बर्ष २०८२/०८३ को लैगिंक उत्तरदायि बजेट परीक्षण (GRB) र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण प्रतिवेदन (GEC Audit) प्रतिवेदन स्वीकृत सम्बन्धमा ।

निर्णयहरु

**निर्णय नं. १**

मिति २०८३/०१/०३ गते बसेको १८० औं नगरकार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको समीक्षा गरियो ।

**निर्णय नं. २**

यस रत्ननगर नगरपालिका यस अन्तरगतका वडा कार्यालयहरु र स्वास्थ्य संस्थाहरुको सार्वजनिक सेवा प्रवाहको विषयमा समीक्षा गरियो। साथै यस रत्ननगर नगरपालिकाको सेवा प्रवाह र विकास निर्माणका

२०८३/०२/०५

विषयहरुमा आएका गुनासोहरु सम्बोधन गर्दै सेवा प्रवाहलाई जनमैत्री र पारदर्शी बनाउने विषयमा सबै पक्षले आ-आफ्नो पक्षबाट जिम्मेवारी बहन गर्ने र सेवा प्रवाहलाई थप शुसासनयुक्त बनाउने निर्णय गरियो।

**निर्णय नं.३**

यस रत्ननगर नगरपालिकाका नगर प्रवक्ता एवम् वडा नं. १ का वडा अध्यक्ष श्री कुल प्रसाद सापकोटाज्यू मार्फत २०८३ को बैशाख महिना भित्र रत्ननगर नगरपालिकाले संचालन गरेका सेवा प्रवाह र विकास निर्माण सम्बन्धी मासिक गतिविधिहरु सार्वजनिकिकरण गरियो ।

**निर्णय नं. ४**

मानव सेवा आश्रमसँगको परामर्श र सहकार्यमा यस रत्ननगर नगरपालिकालाई २०८३ ज्येष्ठ ६ गते भित्र सहयोगापेक्षी, बेसाहारा अभिभावक विहिन सडक मानवमुक्त नगरपालिका घोषणा गर्न आवश्यक सम्पुर्ण तयारी पुरा गरी २०८३ ज्येष्ठ ७ सहयोगापेक्षी, बेसाहारा अभिभावक विहिन सडक मानवमुक्त नगरपालिका घोषणा गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

आगामी आर्थिक बर्ष २०८३/०८४ का लागि यस रत्ननगर नगरपालिकाको बार्षिक नीति कार्यक्रम बजेट तथा योजना तर्जुमाका लागि नगरस्तरीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिबाट अनुमानित वजेट रु.१ अर्ब ४३ करोड (सामाजिक सुरक्षा रकम बाहेक) बाट यस रत्ननगर नगरपालिका र यस अन्तरगतका कार्यहरुको बजेट सिलिङ्ग निर्धारण गरि सोही अनुसार योजना तर्जुमा प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. ६**

यस रत्ननगर नगरपालिकाको नगरस्तरीय विधायन समितिबाट पेश भएको तपसिलको कार्यविधिका बिषयमा छलफल गरियो । साथै केही कार्यविधिहरु पारित गर्ने तथा केही कार्यविधिहरुमा उठेका जिज्ञासाहरु सम्बोधन गरि पुनःअर्को बैठकमा पेश गर्ने निर्णय गरियो ।

**तपसिल**

क. रत्ननगर नगरपालिकाको अनुगमन तथा सुपरीवेक्षण समितिको कार्यसंचालन कार्यविधि २०८३ (स्वीकृत)

ख. रत्ननगर नगरपालिकाको प्रारम्भिक बाल शिक्षा केन्द्र एवम् शिशु विकास केन्द्र व्यवस्थापन निर्देशिका २०८३ (पारित)

ग. छात्राबास (होस्टेल) संचालन सम्बन्धी मापदण्ड २०८३ (छलफल गरि अर्को बैठकमा पेश गर्ने)

घ. आपतकालिन कार्यसंचालन केन्द्र कार्यसंचालन कार्यविधि २०८१ (संशोधन)

**निर्णय नं. ७**

नगरस्तरीय अनुगमन समितिबाट पेश भएको तपसिलको अनुगमन प्रतिवेदन अनुमोदन गरियो ।

**तपसिल**

प्रकाश खनाल
प्रमुख प्रशासकीय अधिकृत

यस रत्ननगर नगरपालिकाको चालु आ.व. २०८२/८३ का तपशिल वमोजिमका उपभोक्ता समिति/ठेक्काका योजनाहरुको स्थलगत अनुगमन गर्दा केहि योजनाहरु सम्पन्न भएका तथा कार्य संचालन भईरहेका योजनाहरु सुस्त गतिमा कार्य भईरहेकोले निर्धारित समयमा नै कार्य सम्पन्नका लागी सम्बन्धित ठेकेदारलाई निर्देशन दिने

**तपशिल**

१. वछौली स्वास्थ्य चौकी भवन, वडा नं. ६
२. कलभर्ट निर्माण, वडा नं. ५
३. कृषि गोदाम घर, वडा नं. ५
४. वछौली मा. वि. भवन, वडा नं. ६
५. कृषि ज्ञान केन्द्र भवन, वडा नं. ५
६. प्रशौनीटोल मोज्याक टायल जडान, वडा नं. १०
७. वडा कार्यालय भवन, १०, ११, ९, १४, १६, १५ र ६
८. सालघारी उच्चस्तरिय ग्रावल, वडा नं. १२
९. सालघारी गुम्बा, वडा नं. १२
१०.शुभप्रभात टोल वाटो ढलान, वडा नं. १०
११.मदरशा भवन निर्माण, वडा नं. ४
१२.टायल जडान, वडा नं. १३ र १५
१३.वडा कार्यालय भवन मर्मत, वडा नं. १३ र १५
१४.कन्टेनर लाईब्रेरी मर्मत, वडा नं. ९
१५.सडक कालोपत्रे र ढलान, वडा नं. १० र १३
१६.ज.जा.मा.वि. जाने वाटो ढलान, वडा नं. १४
१७.ल्याण्ड फिल्ड साईट व्यवस्थापन, वडा नं. ११
१८.सडक कालोपत्रे र ढलान, वडा नं. ९

**निर्णय नं. ८**

यस रत्ननगर नगरपालिकाको चालु आ.व. बैशाख मसान्त सम्म भएको चालु र पुँजिगत खर्च तथा हाल सम्म संकलन भएको राजश्व रकमको अवस्थाका बिषयमा छलफल गरियो । चालु खर्चको तुलनामा पुजिगत खर्च प्रतिशत कम देखिएकाले यस नगरपालिबाट संचालन हुने पुँजिगत योजना तथा कार्यक्रमहरु सम्झौता भए अनुसार कार्य प्रगती कम देखिएकाले तोकिएको समयमा सम्पन्न गर्ने गरि सम्बन्धितलाई ताकेता गर्न कर्मचारीहरुलाई निर्देशन दिइयो । साथै लक्ष्य भन्दा कम राजश्व संकलन गरेका वडाहरुलाई राजश्व संकलन सम्बन्धी अभियान तथा कार्यक्रमहरु संचालन गरि राजश्व संकलन कार्य तिव्र रुपमा गर्न निर्देशन दिइयो ।

**निर्णय नं. ९**

चितवन जिल्ला रत्ननगर नगरपालिकाको १७ औ नगर सभावाट स्विकृत वजेटवाट रत्ननगर नगरपालिका वडा नं. १४ मा ***Installation of CC Camara at Public Places (Rat /Chitwan/Goods/SQ/03/2082-83)*** कार्य गर्न यस पालिकावाट आब्हान भएको सिलबन्दि

प्रकाश खनाल
प्रमुख प्रशासकीय अधिकृत
२०८३/०२/१८

दरभाउपत्र वमोजिम सम्झौता भई दिईएको कार्यादेशानुसार उक्त वडाको वडा कार्यालय भवन मर्मत तथा निर्माण कार्य समयमा नै कार्य सम्पन्न हुन नसकी सि. सि. क्यामरा जडान गर्न नसकिएकोले उक्त कार्य सम्पन्न गर्ने मिति सम्झौता मिति देखि २०८३ जेष्ठ ३० सम्मको म्याद सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० को उप नियम २ (क) वमोजिम थप गर्ने निर्णय गरियो ।

निर्णय नं. १०

यस पालिकाको १७ औं नगरसभाबाट स्वीकृत नगरस्तरीय चालु कार्यक्रम पदाधिकारी अन्य सुविधा र विभीन्न गोष्ठी तथा सेमिनार खर्च शिर्षकमा विनियोजित बजेटबाट व्ययभार हुने गरि तपसिल बमोजिमका योजनाहरुमा निम्न बमोजिम बजेट विनियोजन गर्ने निर्णय गरियो ।

तपसिल

क. झुवानी सामुदायिक महिला बचत तथा ऋण सहकारी सस्थाको अधुरो भवन निर्माण रनपा ५ रु.५०००००/- (पाच लाख मात्र)

ख. शान्तीटोल स्थित गणेश घिमिरेको घर देखि उत्तर तर्फकरिब ८० मिटर उच्च स्तरीय ग्राबेल रनपा १० रु.६००००/- (साठ्ठी हजार मात्र)

ग. राजकुमार बुढाथोकीको घर देखि साविन्त्रि पण्डितको घर जाने बाटो ढलान रनपा १३ रु.४,५०,०००/- (चार लाख पचास हजार मात्र)

घ. रनपा १३ पृथ्वीटोल बिष्णु दवाडीको घर देखि पुर्व तर्फ करिब २३ मिटर अधुरो कालोपत्रे - रु.३०००००/- (तीन लाख मात्र)

ङ. पंचकन्या मा.वि. क्यानटिन मर्मत रनपा ११ जिरौना– रु.२०००००/- (दुई लाख मात्र)

च. पंचनदि जलाधार क्षेत्र संरक्षण जाने बाटो ग्राबेल रनपा १२- रु.१०००००/- (एक लाख मात्र)

छ. शान्तीटोल शिवालय मन्दिर जाने बाटो ढलान रनपा ९- रु.१५००००/-.(एक लाख पचास हजार मात्र)

निर्णय नं.११

नगरस्तरीय वन वातवारण तथा विपद् व्यवस्थापन समितिको मिति २०८३/२/२५ गतेको बैठकबाट पेश भएको देहायको निर्णय अनुमोदन गरियो ।

१. रत्ननगर नगरपालिकाका विभिन्न वडा कार्यालयको विभिन्न मितिमा प्राप्त पत्रानुसार सम्बन्धित वडाहरुमा विपद्जन्य घटना भई क्षति भएको तथा घर चुहिने समस्या भएको हुँदा वर्षा याममा समस्या हुने भनी राहत सहयोग तथा पूर्वतयारीको लागि वडा कार्यालय मार्फत सिफारिस भएनुसार आ.व. ०८२/०८३ को वन, वातावरण तथा विपद् व्यवस्थापन शाखाको विपद् व्यवस्थापन कोष बजेट शिर्षकबाट तपशिल वमोजिमको राहत सहयोग भुक्तानी गर्ने निर्णय

| क.सं. | नाम थर | ठेगाना | राहत सहयोग रकम | कैफियत |
|---|---|---|---|---|
| १. | श्री भवानी प्रसाद उपाध्याय | र.न.पा-१० | रु २३,०००।- | हावाहुरी |
| २. | श्री राजेन्द्र प्रसाद घिमिरे | र.न.पा-१४ | रु २३,०००।- | जिर्ण (पुनर्निमाण) |
| ३. | श्री रुद्र बहादुर क्षेत्री | र.न.पा-१२ | रु २३,०००।- | जिर्ण (पुनर्निमाण) |

प्रकाश खनाल
प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| ४. | श्री प्रेम नारायण महतो | र.न.पा-१० | रु २३,०००।- | जिर्ण (पुनर्निमाण) |
| ५. | श्री विक्रम कुमाल | र.न.पा-०९ | रु १२,०००।- | हावाहुरी |
| ६. | श्री आशा महतो मर्दनिया | र.न.पा-०९ | रु २३,०००।- | हावाहुरी |
| ७. | श्री पिपाही महतो | र.न.पा.-०७ | रु २३,०००।- | हावाहुरी |
| ८. | श्री सुकराम महतो | र.न.पा.-०७ | रु २३,०००।- | हावाहुरी |
| ९. | श्री फिरला महतो | र.न.पा.-०७ | रु २३,०००।- | हावाहुरी |
| १० | श्री माया चौधरी | र.न.पा- ६ | रु २३,०००।- | जिर्ण (पुनर्निमाण) |
| ११ | श्री मिना रेग्मी | र.न.पा-१२ | रु २३,०००। | जिर्ण (पुनर्निमाण) |
| १२ | श्री नारायण परियार | र.न.पा-१२ | रु २३,०००। | जिर्ण (पुनर्निमाण) |
| १३ | राधा कुमाल | र.न.पा-११ | रु २३,०००। | जिर्ण (पुनर्निमाण) |
| १४ | नन्दमाया श्रेष्ठ | र.न.पा. १३ | रु २३,०००। | जिर्ण (पुनर्निमाण) |

नेपाल रेडक्रस सोसाईटी, रत्ननगर शाखाको मिति २०८३/०१/३१ गते प्राप्त पत्रानुसार सडक दुर्घटना, समाज तथा विद्यालय क्षेत्रमा आकस्मिक रुपमा हुने विपद्जन्य घटनामा क्षति न्यूनिकरण तथा पूर्वतयारीका लागि दक्ष जनशक्ति परिचालन गर्ने उद्देश्य सहित प्राथमिक उपचार (First Aid) तालिम संचालनार्थ प्रस्ताव पेश भए बमोजिम सो संस्थासँग सहकार्य एंव समन्वय गरि तालिम संचालनको लागि आ.व. ०८२/०८३ को वन, वातावरण तथा विपद् व्यवस्थापन शाखाको विपद् व्यवस्थापन कोष बजेट शिर्षकबाट रकम रु १०००००।- (अक्षरुपी एक लाख रुपैया मात्र) उपलब्ध गराउने र सो कार्यक्रम सम्पन्न भए पश्चात भुक्तानी गर्ने

<u>निर्णय नं. १२</u>

नगरस्तरीय आर्थिक विकास समितिको आर्थिक विकास समिति मिति २०८२ साल जेठ ५ गतेको बैठकबाट पेश भएको (पशुपन्छी विकास शाखाको तर्फ) देहायको निर्णय अनुमोदन गरियो ।

<u>देहाय</u>

क.रत्ननगर नगरपालिका नगर कार्यपालिकाको कार्यालय, रत्ननगर, चितवनको चालु आर्थिक बर्ष २०८२/८३ को स्वीकृत बार्षिक कार्यक्रम संघिय सरकारबाट हस्तान्तरित कार्यक्रम (शसर्त अनुदान) अन्तर्गत दुग्ध संकलन केन्द्र निर्माण (चिलिङ भ्याट खरिद तथा जडान समेत) (बजेट रु २०,००,०००।-) प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तिय हस्तान्तरण भएका पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम कार्यान्वयन कार्यविधि,२०८२ परिच्छेद -१ अनुसूची ७ बमोजिम (२) उपदफा (१) अनुसार सम्झौता पश्चात लाभग्राहीबाट नै सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमवली २०६४ अनुसार खरिद प्रक्रिया तथा निर्माण कार्य सम्पन्न गर्ने गरि द्धिपक्षीय सम्झौता गर्ने

१. दुग्ध संकलन केन्द्र निर्माण (चिलिङ भ्याट खरिद तथा जडान समेत) (बजेट रु २०,००,०००।-)

| सि.नं. | आवेदन पेश गर्ने संस्था | अनुदान कार्यक्रममा | अनुदान रकम रु |
|---|---|---|---|
| १ | पिठुवा दुग्ध उत्पादक सहकारी संस्था लि. रत्ननगर १६, पिठुवा, चितवन | सम्झौता सम्बन्धमा | २०,००,००० |
| | जम्मा | | २०,००,००० |

२०८३/०२/१८

प्रकाश खनाल
प्रमुख प्रशासकीय अधिकृत

ख. रत्ननगर नगरपालिका नगर कार्यपालिकाको कार्यालय, रत्ननगर, चितवनको चालु आर्थिक बर्ष २०८२/८३ को स्वीकृत बार्षिक कार्यक्रम प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (शसर्त अनुदान) रत्ननगर नगरपालिका वडा नं.०६ महिला सहकारी संस्थालाई दुग्ध विविधिकरण सहायता कार्यक्रम (बजेट रु १०,००,०००।-) स्थानीय तहमा सशर्त अनुदान अन्तर्गत कृषि कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ को लागि यस कार्यालयको सार्वजनिक सूचना अनुसार आवेदन पेश गर्ने तपशिलका सहकारी संस्थालाई छनौट गर्ने

रत्ननगर नगरपालिका वडा नं.०६ महिला सहकारी संस्थालाई दुग्ध विविधिकरण सहायता कार्यक्रम (बजेट रु १०,००,०००।-)

| सि.नं | आवेदन पेश गर्ने संस्था | अनुदान कार्यक्रममा | अनुदान रकम रु |
|---|---|---|---|
| १ | बछौली नारी चेतना बचत तथा ऋण सहकारी संस्था लि. रत्ननगर ०६, बछौली, चितवन | छनौट सम्बन्धमा | १०,००,००० |
| | जम्मा | | १०,००,००० |

निर्णय नं. १३

यस रत्ननगर नगरपालिका अन्तरगतका वडा कार्यालयहरुले वडाका अति विपन्न नागरिकहरुका लागि स्वास्थ्य उपचार लागि सहयोग माग सिफारिस भएका र यस नगरपालिकाका विभिन्न स्थानहरुमा खेलकुद, धार्मिक, सांस्कृतिक कार्यक्रमहरु संचालन गरि विभिन्न संघ संस्थाहरुले बजेट माग गरेको र व्यहोरा सहिसत्य बुझिएकाले नगरस्तरीय देहायका कार्यक्रम शिर्षकबाट व्ययभार पर्ने गरि तपसिल वमोजिम रकम उपलब्ध गराउने निर्णय गरियो ।

देहाय

१३.क विपन्न विरामी उपचार आर्थिक सहयोगका लागि नगरस्तरीय अन्य संस्था/व्यक्ती लगायत सहयोगापेक्षी शिर्षक

तपसिल

| क. सं. | सहयोग माग गर्नेको विवरण | सिफारिस गर्ने वडा | सहयोग माग भएको विवरण | स्वीकृत रकम | कै. |
|---|---|---|---|---|---|
| १ | पदम बहादुर राना मगर | वडा नं. २ को कार्यालय | कलोजो सम्बन्धी रोग उपचारका लागि आर्थिक अवस्था कमजोर | १५०००/- | |
| २ | शुष्मा लामा | वडा नं. ९ को कार्यालय | दीर्घ रोग उपचारका लागि आर्थिक अवस्था कमजोर | १५०००/- | |
| ३ | अस्मिता तामाङ्ग वि.क. | वडा नं. ४ को कार्यालय | उपचारका क्रममा सुत्केरी महिलाको मृत्यु भएको काजक्रिया खर्च | २५०००/- | |

२०८२/८/२८

प्रकाश खनाल
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | शुसन परियार | वडा नं. ९ को कार्यालय | सवारी दुर्घटनामा परि पूर्ण अशक्त भई हिडडुल गर्न नसक्ने भएकाले थेरापीका लागि आर्थिक अवस्था कमजोर भएको | १५०००/- | |
| ५ | मुना नेपाली | वडा नं.१० को कार्यालय | दिर्घ रोग उपचारका लागि आर्थिक अवस्था कमजोर | १००००/- | |
| ६ | तुलसी प्रसाद पन्त | वडा नं.१४ को कार्यालय | प्यारालाइसिस भई उपचारका क्रममा रहेको र उपचारका लागि आर्थिक अवस्था कमजोर | १००००/- | |
| ७ | हरिशरण दराई | वडा नं.३ को कार्यालय | प्यारालाइसिस भई उपचारका क्रममा रहेको र उपचारका लागि आर्थिक अवस्था कमजोर | १००००/- | |
| ८ | सुमित विश्वकर्मा | वडा नं.४ को कार्यालय | सवारी दुर्घटनामा परी घाइते भएको र उपचारका क्रममा रहेको र उपचारका लागि आर्थिक अवस्था कमजोर | १००००/- | |
| ९ | गोकर्ण रानाभाट | वडा नं. १४ को कार्यालय | मानसिक रोगका कारण नियमती औषधी सेवन गर्नुपर्ने भएको र मनोउत्थान सेवा केन्द्रमा उपचाररत रहको र उचारका लागि आर्थिक अवस्था कमजोर भएको | २००००/- | नगरस्तरीय चालु राहात उद्धार र पुस्थार्पना खर्च शिर्षकबाट |
| १० | राम बहादुर बस्नेत | वडा नं. १४ को कार्यालय | मानसिक रोगका कारण वडा नं. ९ मा रहेको सुधार केन्द्रमा रहेको र सुधार केन्द्रको खर्चका लागि आर्थिक अवस्था कमजोर रहेको | ३३०००/- | नगरस्तरीय चालु राहात उद्धार र पुस्थार्पना खर्च शिर्षकबाट |

ख.विभिन्न सामाजिक व्यक्ति, संघ/संस्था, समिति, सामुदायिक क्लबहरुले विभिन्न धार्मिक सांस्कृतिक खेलकुद लगायतको कार्यक्रमहरु संचालन गरि यस नगरपालिकासँग सहयोग माग गरेकाले त्यस्ता लोककल्याणकारी कार्यक्रम संचालन गर्ने संस्थाहरुलाई नगरस्तरीय तपसिलका चालु कार्यक्रम शिर्षकबाट व्ययभार पर्ने गरि देहाय अनुसार सहयोग गर्ने

१३.क.१. वडा नं. १० बैरियामा रहेको शिव मन्दिरमा भजन किर्तन बाध्यबाधन सामाग्री खरिदका लागि रु.५००००/- (पचास हजार मात्र)

१३.ख.२.रनपा १४ पारिजात टोल विकास संस्थालाई भजन सामाग्री खरिदका लागि रु.४००००/- (चालिस हजार मात्र) नगरस्तरीय सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी कार्यक्रम शिर्षकबाट

१३.ग.३.माधवपुर मठमन्दिर तथा धार्मिक संघ-संस्था समन्वय समितिले मिति २०८२ पौष २१ गते आयोजना गरेको शंख बाधन तथा भजन प्रतियोगिताका लागि सहयोग रु.५००००/- (पचास हजार मात्र) नगरस्तरीय सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी कार्यक्रम शिर्षकबाट

निर्णय नं. १४

मिति २०८२ भाद्र महिनाको २३ र २४ गते भएको जेन्जी आन्दोलनका क्रममा यस रत्ननगर नगरपालिका यस अन्तरगतका वडा कार्यालयहरु र स्वास्थ्य संस्थाहरुमा आगलागीका कारण जलेर नष्ट भएका देहायका कवाडी सामानहरुको दररेट स्वीकृत गरि लिलाम ब्रिक्रीका लागि ठेक्का प्रकृया आव्हान गर्ने निर्णय गरियो।

देहाय

लिलाम बिक्री गर्नुपर्ने सामानहरुको विवरण र दररेट

प्रकाश खनाल
प्रमुख प्रशासकीय अधिकृत

| क. सं. | सामानको विवरण | परिमाण | इकाई | रत्ननगर उद्योग वाणिज्य संघको दररेट | चितवन कवाड व्यवसायी संघको दररेट | खैरहनी नगरपालिका को दररेट | अनुमानित बिक्री दररेट | जम्मा रु. | कै |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | डेस्कटप कम्पुटर सेट | ८८ | गोटा | ५० | ६० | २०० | २०० | १७६०० | |
| २ | प्रिन्टर | १८१ | गोटा | ५५ | ५० | १५० | १५० | २७१५० | |
| ३ | ल्यापटप | १४ | गोटा | १०५ | १५० | | १५० | २१०० | |
| ४ | न्याक | ३२६ | गोटा | २०० | २५० | | २५० | ८१५०० | |
| ५ | कुर्चि सानो | ११ | गोटा | | | २०० | २०० | २२०० | |
| ६ | कुर्चि | ५८ | गोटा | | | २०० | २०० | ११६०० | |
| ७ | स्टिल दराज ग्लास डोर सहित | १३५ | गोटा | २०० | १२५ | १००० | १००० | १३५००० | |
| ८ | सिलिङ पंखा गङ्गत्रतत्रथज द्दकथ | २३१ | गोटा | १०० | ७० | २०० | २०० | ४६२०० | |
| ९ | वाल पंखा ह्रकतत द्दकथ | ८५ | गोटा | ५० | १०० | २०० | २०० | १७००० | |
| १० | स्टयाण्ड पंखा ़कथघ द्दकथ | २६ | गोटा | ६० | ५० | | ६० | १५६० | |
| ११ | इन्भर्टर | २७ | गोटा | ११० | १२५ | १५०० | १५०० | ४०५०० | |
| १२ | ब्याट्री | ४१ | गोटा | १५०० | २००० | ३००० | ३००० | १२३००० | |
| १३ | स्टेबिलाइजर | ६ | गोटा | १५० | २०० | | २०० | १२०० | |
| १४ | युपिएस | १२ | गोटा | १०० | १२० | ६०० | ६०० | ७२०० | |
| १५ | सिसि क्यामेरा | २३ | गोटा | १० | १५ | | १५ | ३४५ | |
| १६ | एप्पल आइ प्याड यु एस जी मेशिन चार्जर | १ | गोटा | ५०० | ७५० | | ७५० | ७५० | |
| १७ | मार्टिन फ्रीजर लास राख्ने | १ | गोटा | ५० | ५०० | | ५०० | ५०० | |
| १८ | कन्सनटेटर | १ | गोटा | १५० | २०० | | २०० | २०० | |
| १९ | टेलिभिजन | ८ | गोटा | ५० | ५० | | ५० | ४०० | |
| २० | स्क्यानर | १५ | गोटा | ५० | १०० | | १०० | १५०० | |
| २१ | एयर कन्डिसन | १६ | गोटा | | | २००० | २००० | ३२००० | |
| २२ | लेवल मेशिन | २ | गोटा | ५०० | ६०० | | ६०० | १२०० | |
| २३ | जिपिएस | १ | गोटा | १० | ५० | | ५० | ५० | |
| २४ | लेवल मेशिन स्टयान्ड | १ | गोटा | ५० | १०० | | १०० | १०० | |
| २५ | रिवाउन्ड हमर | २ | गोटा | १०० | १५० | | १५० | ३०० | |
| २६ | वेर्निएर क्लिपर | ३ | गोटा | १०० | १०० | | १०० | ३०० | |
| २७ | ओडोमिटर | २ | गोटा | ७० | १०० | | १०० | २०० | |
| २८ | नेट डिस्ट्रिव्युट वोर्ड | १ | गोटा | १०० | १२५ | | १२५ | १२५ | |
| २९ | सि सि क्यामेरा रेकर्डर | ३ | गोटा | ५० | १०० | | १०० | ३०० | |
| ३० | ग्यास सिलिण्डर सेट | ४ | गोटा | १०० | २०० | | २०० | ८०० | |
| ३१ | साइकल | २३ | गोटा | २०० | ३०० | ५०० | ५०० | ११५०० | |
| ३२ | साउण्ड सिस्टम | १४ | गोटा | ५० | १०० | | १०० | १४०० | |
| ३३ | बायोमेट्रिक डिभाइस | १७ | गोटा | ३० | ५० | | ५० | ८५० | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३४ | विजुली मिटर वक्स | २ | गोटा | ५० | १०० | | १०० | २०० |
| ३५ | घाँस काट्ने मेशिन | १ | गोटा | २०० | १५० | | १५० | १५० |
| ३६ | पानी टंकी | २ | गोटा | २०० | २५० | | २५० | ५०० |
| ३७ | भर्याङ्ग | १३ | गोटा | १०० | १५० | | १५० | १९५० |
| ३८ | फोटोकपी मेशिन | ३ | गोटा | ५० | १०० | १५० | १५० | ४५० |
| ३९ | भ्याकुम क्लिनर | ३ | गोटा | ५० | १०० | १०० | १०० | ३०० |
| ४० | पानस | १ | गोटा | ५०० | ६०० | | ६०० | ६०० |
| ४१ | माइक | १ | गोटा | १० | ५० | | ५० | ५० |
| ४२ | सिलाइ मेशिन | ५६ | गोटा | ४०० | ३०० | | ४०० | २२४०० |
| ४३ | फ्रिज | ४ | गोटा | २५० | ४०० | | ४०० | १६०० |
| ४४ | थ्रिसिटर वेन्च | ४२ | गोटा | १०० | १५० | ३५० | ३५० | १४७०० |
| ४५ | एग्जुकेटिभ टेबल | १८ | गोटा | ५० | ५० | | ५० | ९०० |
| ४६ | पानीको फिल्टर | ६ | गोटा | ३० | १०० | | १०० | ६०० |
| ४७ | मोटरसाइकल (बा प्र ०२-००१ त्र २११०) | ३५ | केजी | | | ४० | ४० | १४०० |
| ४८ | कार ३३९९ फलाम | ३६० | केजी | | | | ४० | १४४०० |
| | तामा | १५ | केजी | | | | ११०० | १६५०० |
| ४९ | जिप १५८६ | ६९० | केजी | | | | ४० | २७६०० |
| | तामा | १५ | केजी | | | | ११०० | १६५०० |
| ५० | पिकअप भ्यान बा १२ च २७१ | ५२० | केजी | | | | ४० | २०८०० |
| | तामा | १५ | केजी | | | | ११०० | १६५०० |
| ५१ | ट्राइसाइकल | १ | गोटा | २०० | ५०० | | ५०० | ५०० |
| ५२ | मोनिटर | ११ | गोटा | ५० | १०० | | १०० | ११०० |
| ५३ | कम्प्यूटर मदरवोर्ड | २ | गोटा | ५० | २०० | | २०० | ४०० |
| ५४ | सर्वर र्‍याक | ३ | गोटा | १०० | १५० | | १५० | ४५० |
| ५५ | पोट स्विच | ३ | गोटा | १० | ५० | | ५० | १५० |
| ५६ | युएसवि फ्लास ड्राइभ | १ | गोटा | १०० | १५० | १५० | १५० | १५० |
| ५७ | अन्य संचार उपकरण | २ | गोटा | ५० | १०० | | १०० | २०० |
| ५८ | डिजिपिएस | १ | गोटा | १०० | १५० | | १५० | १५० |
| ५९ | फ्याक्स मेशिन | १ | गोटा | १०० | १५० | | १५० | १५० |
| ६० | प्रोजेक्टर स्क्रिन | ३ | गोटा | ५० | १०० | | १०० | ३०० |
| ६१ | स्मार्ट डिस्प्ले वोर्ड | २ | गोटा | ५० | १०० | | १०० | २०० |
| ६२ | स्मार्ट वोर्ड | ३ | गोटा | १०० | २०० | | २०० | ६०० |
| ६३ | स्मार्ट वोर्ड | १ | गोटा | १०० | २०० | | २०० | २०० |
| ६४ | जेनेटर (फलाम) | ८८० | केजी | | | | ४० | ३५२०० |

प्रकाश खनाल
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ६५ | ड्रिल मेशिन (फलाम) | २ | गोटा | १०० | ५०० | | ५०० | १००० |
| ६६ | मिक्चर | २ | गोटा | ३०० | ५०० | | ५०० | १००० |
| ६७ | आइरन | ४ | गोटा | ५० | १०० | | १०० | ४०० |
| ६८ | अक्सिजन कन्सटेन्टर | ५ | गोटा | ६० | १०० | | १०० | ५०० |
| ६९ | स्टेचर | ६ | गोटा | १०० | १०० | | १०० | ६०० |
| ७० | हुइल चियर | ३७ | गोटा | १०० | १५० | | १५० | ५५५० |
| ७१ | कमोड चियर | ५ | गोटा | २० | ५० | | ५० | २५० |
| ७२ | ग्रेन्डर मेशिन (फलाम) | १ | गोटा | १०० | ५०० | | ५०० | ५०० |
| ७३ | कोर कटर | २ | गोटा | ५० | २०० | | २०० | ४०० |
| ७४ | माइकको सेन्ट्रिफ्युज | २ | गोटा | ५० | १०० | | १०० | २०० |
| ७५ | रक कोर कटिङ्ग टेस्टिङ्ग (फलाम) | १ | गोटा | १०० | १०० | | १०० | १०० |
| ७६ | वेट वेलेन्स मेशिन | ३ | गोटा | १०० | २०० | | २०० | ६०० |
| ७७ | ल्यावरेटरी इन्कुभेटर | १ | गोटा | १०० | १५० | | १५० | १५० |
| ७८ | क्यु मोल्ड | ३० | गोटा | ५० | १०० | ५०० | ५०० | १५००० |
| ७९ | ठेलागाडा (फलाम) ३२ थान | ४८० | वटा (प्रति केजी) | १०० | ५० | | १०० | ४८००० |
| ८० | पानामा पम्प | १ | वटा | १०० | २०० | | २०० | २०० |
| ८१ | कुर्ची सबै खालको | ६७३ | गोटा | | | २०० | २०० | १३४६०० |
| ८२ | रक हेमर | १० | वटा | ५० | ७० | | ७० | ७०० |
| ८३ | ए आइ गन | १ | वटा | १०० | १०० | | १०० | १०० |
| ८४ | फायर ऱ्याक | १० | वटा | ५० | ७० | १००० | १००० | १०००० |
| ८५ | व्लाक वाटर पम्प | ६ | वटा | १०० | १२० | | १२० | ७२० |
| ८६ | फयर एक्स | २० | वटा | ५० | १५० | | १५० | ३००० |
| ८७ | सावेल | १० | वटा | १०० | १०० | | १०० | १००० |
| ८८ | गेट फलाम | ५०० | केजी | ५० | ५० | ५५ | ५५ | २७५०० |
| ८९ | तामाको गाग्री | २ | केजी | ८०० | ९०० | | ९०० | १८०० |
| ९० | क्यु एमएस टिकट डिस्पेन्सर | १ | वटा | १५० | २०० | | २०० | २०० |
| ९१ | फलाम/ ग्रिल सहित | ३३३६.२ | केजी | ५० | ५० | | ५० | १६६८१० |
| ९२ | तामा | १ | केजी | ८०० | ९०० | | ९०० | ९०० |
| ९३ | टिन/जस्तापाता | १५०१.३ | केजी | २५ | ३० | ४० | ४० | ६००५२ |
| ९४ | आल्मुनियम | १९५ | केजी | | | २५० | २५० | ४८७५० |
| | जम्मा | | | | | | | १२९५०६२ |
| | १३% भ्याट | | | | | | | १६८३५८.०६ |

२०८१।८।२८

प्रकाश खनाल

प्रमुख प्रशासकीय अधिकृत

रत्ननगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रत्ननगर, चितवन
बागमती प्रदेश, नेपाल
स्था: २०७३

१४६३४२०.०६

निर्णय नं. १४ विविध ख

आ.व. २०८२/ ०८३ मा विनियोजित नगरस्तरीय र वडा स्तरीय केही योजना/कार्यक्रमहरु विविधकारणवश संचालन हुन नसक्ने भएकाले त्यस्ता योजना कार्यक्रमहरुमा विनियोजित बजेटबाट नगर र वडा कार्यालयहरुको प्राथमिकिरण अनुसार आगामी नगरसभाबाट अनुमोदन हुने गरि देहाय अनुसारका अन्य/योजना कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

देहाय

| क.सं. | साविक योजना/कार्यक्रमको नाम | रकम | वडा/नगर | नयाँ योजना/कार्यक्रम | रकम | कै |
|---|---|---|---|---|---|---|
| १ | झुवानी मा.वि. र टरौली आ.वि. मा . शैक्षिक विकास गुणस्तर सुधार,अतिरिक्त कृयाकलाप उपचारात्मक शिक्षण तथा छात्रवृती र इन्धन | १२०००००/- | वडा नं. ५ | टरौली बाल विकास केन्द्र व्यवस्थापन | २,००,०००/- | |
| | | | | जिप्सन झुवानी मा.वि. | २,००,०००/- | |
| | | | | पूर्वाधार निर्माण झुवानी मा.वि. ८ लाख | ८,००,०००/- | |
| २ | वृक्षारोपण तथा हरियाली पर्यापर्यटन वातावरण संरक्षण | १०००००/- | वडा नं. ९ | वडा कार्यलय व्यवस्थापन र भौतिक सुधार | १०००००/- | |
| ३ | लक्षित वर्गलाई आत्मनिर्भरताको लागि आय आर्जन कार्यमा प्रवर्द्धन तालिम | २०००००/- | | वडाको आवश्यकता अनुसार ग्राबेल तथा पूर्वाधार निर्माण | २०००००/- | |
| ४ | युवा तथा खेलकुद | ३५००००/- | वडा नं. १४ | वडा कार्यलय विविध सामाग्री खरिद | ३५००००/- | |
| ५ | मागमा आधारित महिला लक्षित उद्यमशिल कार्यक्रमलाई महिला सशक्तिकरण | २०००००/- | वडा नं. १३ को चालु कार्यक्रम | महिला भलिबल खेल प्रतियोगिता | २,००,०००/- | |
| ६ | कक्षा ३ र ५ को उपब्धी परीक्षा संचालन | ५०००००/- | नगरस्तरीय बिषयत चालु शिक्षा | कक्षा ८ को परीक्षा संचालन तथा व्यवस्थापन | ५,००,०००/- | |
| ७ | सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी | ३०००००/- | नगरस्तरीय चालु | महिला भलिबल खेल प्रतियोगिता रनपा १३ | ८०,०००/- | |
| ८ | नगर प्रमुखसँग विविध कार्यक्रम | २००००००/- | नगरस्तरीय चालु | रत्ननगर नगरपालिकाले पशुपालन र कृषि क्षेत्रमा प्रदान गरेका सेवा तथा असल अभ्यास वृत चित्र निर्माण | २०००००/- | अनुमोदन |

निर्णय नं. १४ विविध ग

रत्ननगर नगरपालिकाको आ.व. २०८३।०८४ जडीबुटी, कवाडी तथा जीवजन्तु कर संकलनका लागि ठेक्का बन्दोवस्ति सम्वन्धिको सविकमा कबोल अंकको दश प्रतिशत वृद्धि गरि बोलपत्र आह्वान गर्ने निर्णय गरियो ।

२०८२।०२।०८

प्रकाश खनाल
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. १४ विविध घ

पिठुवा नारी चेतना बचत तथा ऋण सहकारी संस्था लि. र भुमी प्रशासन कार्यालय भरपुर चितवनले कार्यालयले सेवा प्रवाहका लागि इलोक्ट्रोनिक,फर्निसिङ्ग सम्बन्धी सामान माग गरेकाले नगरस्तरीय फर्निचर तथा फिक्चर्स शिर्षकबाट व्ययभार पर्ने गरी देहायका सामान उपलब्ध गराउने गराउने निर्णय गरियो ।

देहाय

पिठुवा नारी चेतना बचत तथा ऋण सहकारीका लागि - एक थान ल्यापटप कम्प्युटर

भुमी प्रशासन कार्यलय भरतपुर चितवनका लागि

| | |
|---|---|
| A4 फोटोकपी पेपर (80 GMS)- | १० कार्टुन |
| कार्टेज Cannon ३२५- | १० थान |
| कार्टेज Cannon ३०३- | १० थान |
| वाल फेन- | १५ थान |
| स्टयाड फेन — | ५ थान |

निर्णय नं. १४ विविध ङ

यस रत्ननगर नगरपालिका वडा नं. ३ सरस्वती टोल स्थित नारायण प्रसाद सुवेदी र खेमलाल सुवेदीको घरको पश्चिम तर्फ विद्युतपोल राख्नका लागि नेपाल विद्युत प्राधिकरण टाँडी विरण केन्द्रको लागत अनुमान बमोजिम रु.२२,५००/-(बाइस हजार पाँच सय मात्र) नगरस्तरीय विद्युत पोल स्थान्तरण कार्य नेपाल विद्युत प्राधिकरणको सहकार्यमा शिर्षकबाट रकम उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १४ विविध च

सस्टेनेवल कम्युनिटी एकाउण्टबिलिटी रिसर्च सेन्टर बेसीशहर लमजुङले तयार गरेको यस रत्ननगर नगरपालिकाको आ.व. २०८२/०८३ को लैगिंक उत्तरदायि बजेट परीक्षण (GRB) र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण प्रतिवेदन (GEC Audit) प्रतिवेदन यस बैठकमा प्रस्तुत भई छलफल भयो । छलफल पश्चात उक्त प्रतिवेदन स्वीकृत गरियो ।

२०८३/०२/१८

प्रकाश खनाल
प्रमुख प्रशासकीय अधिकृत